**प्रदेश सरकार**

**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

## कृषि ज्ञान केन्द्र

**भद्रपुर, झापा**

**कोशी प्रदेश, नेपाल**

# प्रस्ताव आव्हानको सूचना

**दोस्रोपटक प्रकाशित मिति २०७९/१२/१३**

यस कृषि ज्ञान केन्द्र झापाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९', वमोजिमका शर्तहरु पालना गरी तपशिलका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका तपशिल अनुसारका स्थानीय तहका कृषि व्यबसायमा संलग्न इच्छुक कृषक समूह /सहकारी संस्था/कृषि फर्म/ उद्यमी कृषकहरु बाट मिति २०७९/**११**/**१२** गते प्रथम पटक प्रकाशित सूचना अनुसार दर्ता भएका प्रस्तावहरुको मूल्यांकनको आधारमा कार्यक्रमको लक्ष्य परिमाण अनुसारको संख्यामा प्रस्तावहरु छनौटका लागि उपयुक्त नदेखिएकाले पुनः यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **०७** दिन भित्र (२०७९/१२/१९ गते सम्म ) तोकिएको ढाँचामा कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन। थप जानकारीका लागि यस कार्यालयको फोन नं ०२३–४५२०५६/०२३–४५२५४६ मा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट jhapa.akc.gov.np वाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्षेत्र | वाली | विनियोजित वजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकै वाली प्रवर्द्धन कार्यक्रम | झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका | मकै वाली | २८.४० | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना।

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदिले प्रति आवेदन रु. २००/– र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/– राष्ट्रिय बाणिज्य बैंकको खाता नं. **१०००१००२०००१००००**, राजश्व शीर्षक नं. **१४२२९**, कार्यालय कोड **३१२०११२०११** मा आबेदन दस्तुर वापत जम्मा गरी सोको सकल भैचर पेश गर्नु पर्नेछ।

३. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी /निजी उद्यमी/ कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र गत आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

५. कृषि सहकारी/ निजी उद्यमी/ कम्पनीको हकमा गत आ.व. २०७८/०७९को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।

६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस।

७. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा।

८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र।

११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी।

१२. कार्यक्रम अनुसारका 'प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९' बमोजिम माग गरिएका आवश्यक कागजातहरु पूर्णता नभएमा प्रस्ताव स्वतः रद्द हुनेछ।

**सागर विष्ट**

**Website:www.jhapa.akc.gov.np Email : akcjhapa@gmail.com Ph: 023452056/452546**